मंगला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ बाबियाचौर, म्याग्दी, संख्या : ११ मिति : २०८१ साल पुष ०७

भाग–२

मंगला गाउँपालिका

## मंगला गाउँपालिकाको नक्सा पास सम्बन्धी कार्यविधि, २०७८ (तेस्रो संशोधन, २०८१)

मंगला गाउँपालिकाको नक्सा पास सम्बन्धी कार्यविधि,२०७८ लाई संशोधन गर्न वाञ्छनिय भएकोले मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम मंगला गाउँपालिकाले देहायको कार्यविधि बनाइ जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "मंगला गाउँपालिकाको नक्सा पास सम्बन्धी कार्यविधि, २०७८ (तेस्रो संशोधन २०८१) रहेको छ।"

२. मंगला गाउँपालिकाको नक्सा पास सम्बन्धी कार्यविधि,२०७८ (यस पछि मूल कार्यविधि भनिएको) को दफा १७ मा संशोधन

१) मुल कार्यविधिको दफा १७ "भवन अभिलेखिकरण गर्ने अवधि" मा उपदफा ३ थप गरी "उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि मिति २०८२ चैत्र मसान्त सम्म घर अभिलेखिकरणको निवेदन प्राप्त भएमा न्यूनतम दस्तुर मात्र लिइ त्यस्तो घरको अभिलेखि करण गर्ने" भन्ने प्रावधान थप गर्ने ।

**आज्ञाले**

**गोपाल शर्मा**

**प्रमुख प्रशासकीय अधिकृत**